# विद्यालयमा बालअधिकार संरक्षण समिति
# गठन, काम कर्तव्य
# तथा
# बाल सुरक्षा नीति कार्यान्वयन कार्यविधि
# २०८२

**१) पृष्ठभूमि :**

बालबालिकाले विद्यालय घरपछि सबैभन्दा बढी समय व्यतित गर्ने ठाउं हो । बालबालिकाले शान्तिपूर्ण तथा सहयोगी वातावरणमा शिक्षा आर्जन गर्न पाउनु उनीहरुको अधिकार समेत भएकोले विद्यालयको वातावरण सुरक्षित, सहयोगी हुनु आवश्यक हुन्छ । विद्यालय बालबालिकाको शिक्षा आर्जन गर्ने थलो मात्र नभएर बालबालिकाको शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक बिकास गर्न सघाउने ठाउं हो । विद्यालयको वातावरणले स्वभाविकरुपमा बालबालिकाहरुलाई प्रभाव पारिरहेको हुन्छ । शिक्षकहरुले बालबालिकालाई पढाउने मात्र नभएर उनीहरुको सुरक्षाका विषयमा पनि जिम्मेवारी लिनुपर्ने हुन्छ । त्यो जिम्मेवारी भनेको बालबालिकाको लागि विद्यालयको वातावरण सहयोगी तथा सुरक्षित बनाउनु पनि हो । जहाँ बालबालिकाहरुले विद्यालयलाई आफ्नो घर जस्तै महसुस गरुन् ।

निस्दी गाउँपालिकाले बालमैत्री स्थानीय शासन अवलम्वन गरेको सन्दर्भमा गाउँपालिकाभित्रका सबै विद्यालयहरु बालमैत्री बन्दै जाने र यसका लागि विद्यालयमा बालबालिकाको अधिकारलाई सुनिश्चित गर्न विद्यालयमा बालअधिकार संरक्षण समिति गठन गरी विद्यालयलाई बालबालिकाको लागि सुरक्षित थलो बनाउन बाल सुरक्षा नीति लागु गर्नका लागि यो कार्यविधि तयार गरिएको छ ।

**२) औचित्य :**

विद्यालयहरुमा बालबालिकाको संरक्षणको सवाल धेरैको सरोकारको विषय भईरहेको छ । खासगरी विद्यालय बालमैत्री नहुनु, सजाय तथा दूर्व्यवहार सम्बन्धी विद्यालयमा भएका घटनाहरु सार्वजनिक भईरहनु, विद्यालय माथि राजनीतिक हस्तक्षेप भईरहनु, बन्द तथा हडतालका कारण विद्यालय कम दिन मात्र संचालन हुनु, बालबालिकामाथि हुने दूर्व्यवहारहरु बाहिर नआउनु वा बाहिर आउने कुनै पद्धति नहुनु जसले गर्दा विद्यालयमा कक्षा छोड्ने दर बढेर जानु, बालबालिकाको शैक्षिक अवस्था खस्केर जानु, कक्षा दोहोर्‍याउने दर बढेर जानुले विद्यालयको शैक्षिक सुधारका लागि पनि विद्यालयलाई सुरक्षित तथा सहयोगी बनाउनु पर्ने देखिन्छ ।

बालबालिकाको हक अधिकारको संरक्षण तथा उनीहरुमा अन्तरनिहित प्रतिभाको विकासका लागि अनुकूल वातावरणको सिर्जना गर्न, सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गरेका विभिन्न प्रतिबद्धताहरुलाई व्यवहारमा उतार्न, यसमा सम्बन्धित पक्षलाई जिम्मेवार बनाउन, स्थानीयतहमा बालबालिकाको संरक्षणका लागि भए गरिएका कार्यहरुलाई संगठितरुपमा अगाडि बढाउन पनि विद्यालयमा बाल संरक्षण नीति कार्यान्वयन गर्न जरुरी भएको हो । बालमैत्री स्थानीय शासन अवलम्वनको सन्दर्भमा विद्यालयहरुलाई बालमैत्री घोषणा गर्दै जानका लागि विद्यालयमा अनुकूल वातावरण निर्माण गर्ने यो कार्यविधिको औचित्य रहेको छ ।

**३) बालअधिकार संरक्षण समितिको गठन तथा काम कर्तव्य :**



पूर्ण बहादुर चितौरे

क) गठन विधि : गाउंपालिकाका सबै विद्यालयहरुमा सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समितिको निर्णयले निम्नअनुसार बालअधिकार संरक्षण समिति गठन गर्नेछ ।

- संयोजक : विद्यालय व्यवस्थापन समितिबाट १ जना । (संभव भएसम्म महिला सदस्य पर्नेगरी)
- सदस्य : विद्यालयको बालमित्र शिक्षक
- सदस्य : कक्षा ५ वा सो भन्दा माथि कक्षा संचालन भएका विद्यालयका बालक्लबका २ जना (एक बालिका पर्नेगरी) प्रतिनिधिहरु
- सदस्य सचिव : प्रधानाध्यापक

**ख) काम,कर्तव्य :**

- विद्यालयका आचारसंहिताहरु तथा बाल सुरक्षा नीतिहरुको परिपालना गर्ने गराउने ।
- विद्यालयका आचारसंहिता पालना भए नभएको तथा कार्यान्वयन प्रगति समीक्षा गर्ने ।
- विद्यालयमा सुझावपेटिका राख्ने, मासिकरुपमा खोल्ने, सुझाव कार्यान्वयन गर्ने तथा त्यसको रेकर्ड राख्ने ।
- विद्यालयलाई बालबालिकाको निम्ति सुरक्षित स्थल बनाउन आवश्यक पहल गर्ने,
- विद्यालयका शैक्षिक योजनामा बालबालिकाको सहभागितालाई अर्थपूर्ण बनाउने
- विद्यालयमा बालक्लब गठन तथा परिचालनमा सहजीकरण गर्ने,
- विद्यालयभित्र बालबालिकाहरुलाई दूर्व्यवहार हुन नदिने ।
- शिक्षक, वि.व्य.स.,अभिभावक तथा विद्यार्थीहरुलाई बालबालिकाको सुरक्षाको विषयमा सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।

**४) बाल सुंरक्षा नीति :**

विद्यालय व्यवस्थापन समितिको निर्णयबाट तलका बूंदाहरुमा रही विद्यालयले बाल सुरक्षा नीति पास गर्ने र विद्यालयमा देखिने गरी टांग्ने, यसको अनुगमन गर्नेछ ।

क) विद्यालयमा बालबालिकामाथि शारीरिक तथा मानसिक असर पर्ने कुनै पनि सजाय दिईने छैन । सजाय दिने शिक्षकलाई नियमअनुसार कारवाही गरिनेछ ।

ख) विद्यार्थीले गरेका गल्तीहरु, बालबिज्याईहरुलाई कसूर अनुसार सकारात्मक दण्डका बिधिहरु अप्नाई समाधान गरिने छ । विद्यार्थीहरुलाई आफ्नो बानी सुधार गर्ने मौका दिईनेछ ।

ग) बालबालिकालाई मैत्रीपूर्ण व्यवहार गरिनेछ । सबै बालबालिकाहरु समान हुन् भन्ने कुरा शिक्षकको व्यवहारमा प्रतिविम्वन गरिनेछ ।

घ) विद्यालयमा बालकेन्द्रित शिक्षण प्रणाली लागु गरिने छ । यसका लागि विद्यालयमा प्रयाप्त शैक्षिक सामग्रीको साथै सन्दर्भ पुस्तक र खेलकूदका सामग्रीहरुको प्रवन्ध गरिँदै लगिनेछ ।

ङ) विद्यालयका सबै पूर्वाधारहरुमा सबै विद्यार्थी तथा विशेष अवस्थाका विद्यार्थीको लागि समेत पहुंच कायम गरिनेछ । यस्ता पूर्वाधारहरु सुरक्षित रहेको कुरालाई सुनिश्चित गरिनेछ ।

च) विद्यालयलाई सबै खाले भेदभाव, दूर्व्यवहारहरुबाट मुक्त राखिने छ ।

पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत

छ) विद्यार्थीको घरदेखि विद्यालय आउने बाटो र विद्यालय समेतलाई भौतिक तथा मानवीयरुपमा सुरक्षित राखिनेछ । बालबालिकाबाट बालबालिकामाथि हुने दूर्व्यवहार तथा भेदभावहरु अन्त्य गर्न विद्यालयमा विद्यार्थीकै सहभागितामा कक्षागत आचारसंहिताहरु तयार गर्न लगाई लागु गरिनेछ ।

ज) विद्यालयमा विद्यार्थी माथि शिक्षक, बाह्य व्यक्तिहरु तथा स्वयं विद्यार्थीहरुबाट हुने हिंसा (भेदभाव, दूर्व्यवहार) लाई प्रोत्साहित गर्ने खालका चालचलन, बानीब्यवहार, लवाई खवाई तथा नियमहरुको पहिचान गरिनेछ र त्यसको अन्त्यको लागि कार्ययोजना बनाई लागु गरिनेछ ।

झ) विद्यालयबाट विद्यालय तथा विद्यालय बाहिर संचालन हुने सबै क्रियाकलापहरुमा विद्यार्थीहरुको सुरक्षा तथा सहभागितालाई पहिलो प्राथमिकता दिईनेछ ।

ञ)विद्यालयमा विशेष अवस्थाका, जोखिममा रहेका तथा विपन्न परिवारका विद्यार्थीहरुलाई विद्यालयले विशेष सहयोग तथा सुरक्षाको लागि विशेष कार्यक्रम लागु गर्नेछ ।

ट) विद्यार्थीहरु माथि हुने हिंसा तथा दूर्व्यवहारका घटनाहरुको संकलन तथा सुनुवाई गर्ने प्रणालीको स्थापना गरिनेछ । यसका लागि विद्यालयमा सुझावपेटिकाको व्यवस्था गरिनेछ र यसको सुनुवाई गरिने छ ।

ठ) विद्यार्थीका बिशेष गोप्यताहरुलाई भंग गरिने छैन ।

ड) विद्यार्थीका शारीरिक तथा मानसिक कमजोरीहरु, तिनका परिवार तथा उनीहरु बस्ने ठाउं, लवाईखवाईलाई लिएर उनीहरुलाई बोलिने अपशब्दहरुलाई विद्यालयमा निषेध गरिनेछ ।

ढ) बालबालिकाहरुलाई स्वयं सुरक्षित हुने खालका जीवनोपयोगी सीपहरु दिईनेछ । यौन शिक्षा तथा किशोरकिशारी शिक्षालाई प्राथमिकता दिईनेछ ।

ण) किशोरी विद्यार्थीहरुलाई महिनावारीको बेलामा सहयोग गर्न महिला शिक्षकलाई सहयोगी शिक्षकको रुपमा जिम्मा दिइने छ ।

त) बालबालिकाहरुलाई बालक्लबमा आवद्ध हुने र विभिन्न रचनात्मक कार्य गर्ने अवसर प्रदान गरिनेछ ।

थ) विद्यार्थीहरुको विचार सुन्ने, त्यसको कदर गर्ने तथा कार्यान्वयन गर्ने अभ्यास गरिने छ । बालबालिकाहरुलाई उमेर अनुसार विद्यालय ब्यवस्थापन समितिमा प्रतिनिधित्व गर्ने तथा अन्य भेलाहरुमा समेत आफ्ना विचारहरु राख्ने अवसर दिईने छ ।

द) विद्यालयलाई राजनीतिक तथा अन्य बाह्य हस्तक्षेपबाट मुक्त गर्दै शान्तिक्षेत्रको रुपमा विकास गरिने छ ।

**७) अनुगमन तथा मूल्यांकन विधि :**

विद्यालयमा लागु हुने बाल सुरक्षा नीतिको अनुगमन तथा मूल्यांकन बालअधिकार संरक्षण समिति,विद्यालय ब्यवस्थापन समिति, गाउंपालिका शिक्षा शाखा तथा बालमैत्री शाखा बाट गरिनेछ ।

❐❐❐



पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृ